श्री

बैठक संख्या:

आज मिति २०८३ साल आषाढ ०८ गते दिउसो २:०० बजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

## उपस्थिति

| क.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री बाबुराम पौडेल, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री वेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | | श्री पद्माकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | जानकी | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | रिता | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | श्री पुष्कर काफ्ले, वरिष्ठ प्रशासकीय अधिकृत | |
| २९. | | श्री विष्णुलाल पुरी, वरिष्ठ लेखा अधिकृत | |
| ३०. | | श्री कृष्णबहादुर थापा क्षेत्री, अधिकृत छैठौं | |

प्रस्तावहरु :

१. बर्दघाट नगरपालिकाको आर्थिक विधेयक, २०८३ सम्बन्धमा ।

२. बर्दघाट नगरपालिकाको विनियोजन विधेयक, २०८३ सम्बन्धमा ।

३. बजेट शिर्षकान्तर, रकमान्तर र खर्च सम्बन्धमा ।

४. बर्दघाट नगरपालिकाको नवीकरणीय ऊर्जा नीति, २०८३ सम्बन्धमा ।

५. बर्दघाट नगरपालिकाको राजश्व प्रशासन सम्बन्धि विधेयक, २०८३ सम्बन्धमा ।

६. बर्दघाट नगरपालिकाको सार्वजनिक जग्गा संरक्षण तथा उपयोग विधेयक, २०८३ सम्बन्धमा ।

७. वाल अधिकार प्रवर्धन तथा वाल संरक्षण सम्बन्धी कार्यविधि, २०८३

८. मध्यकालिन खर्च संरचना सम्बन्धमा ।

९. बाउन घोला पुलको DPR सम्बन्धमा ।

१०. स्थानीय तहको नेपाली र अङ्ग्रेजी नाम तथा हिज्जेको एकरुपताका लागि विवरण पठाउने सम्बन्धमा ।

११. आय ठेक्का सम्बन्धमा ।

१२. विषयगत समितिको प्रतिवेदन सम्बन्धमा ।

१३. प्रोत्साहन भत्ता सम्बन्धमा ।

१४. विविध ।

क) योजना तथा कार्यक्रम (ठेक्का र उपभोक्ता समिति) को म्याद थप सम्बन्धमा

ख) अनुगमन तथा अनुमति सम्बन्धमा ।

ग) क्यान्टीनको म्याद थप सम्बन्धमा ।

घ) औषधी उपचार सहायता ।

ङ) राहत सम्बन्धमा ।

प्रस्तुत प्रस्तावित विषयहरुमा छलफल गरियो ।

**निर्णय नं. १**

- बर्दघाट नगरपालिकाको आर्थिक विधेयक, २०८३ स्वीकृतिका लागि नगरसभामा पेस गर्ने ।

**निर्णय नं. २**

- बर्दघाट नगरपालिकाको विनियोजन विधेयक, २०८३ स्वीकृतिका लागि नगरसभामा पेस गर्ने ।

**निर्णय नं. ३**

क) **"बर्दघाट नरपालिकाको विनियोजन ऐन, (पहिलो संशोधन) २०८२"** को दफा ३ को उपदफा ३ वमोजिम आर्थिक वर्ष २०८२/०८३ को कार्यक्रम, आयोजना, क्रियाकलापको देहाय वमोजिमको संशोधित (रकमान्तर तथा शिर्षकान्तर) विवरण स्वीकृतको लागि नगरसभामा पेस गर्ने ।

| | नगरस्तरबाट शीर्षक परिवर्तनको लागी सिफारिस भएको योजनाहरु | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | योजना शीर्षक नं. | साविक योजनाको नाम र स्थान | वडा नं. | विनियोजित बजेट रु.(हजारमा) | परिवर्तित योजनाको नाम र स्थान | विनियोजित बजेट रु.(हजारमा) | कै |
| १ | ४६४ | बाहुन घोलामा पुल निर्माण | ६ | १५००.० | विद्युत पोल र तारको व्यवस्थापन | ८०.० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ५५० | गंगा माविमा खेलकुद तथा अतिरिक्त कृयाकलाप विकास कार्यक्रम संशोधित | ११४ | ५०.० | गंगा मा.विमा डेस्क बेन्च खरिद | ५०.० | |

निर्णय नं. ४

- बर्दघाट नगर कार्यपालिका बैठकबाट स्वीकृतिको लागि यस सभामा पेस हुन आएको **"बर्दघाट नगरपालिकाको नवीकरणीय ऊर्जा नीति, २०८३"** स्वीकृतिको लागि नगरसभामा पेस गर्ने ।

निर्णय नं. ५

- विधायन समिति र विधेयक समितिबाट दफावार छलफल भई आएको **"बर्दघाट नगरपालिकाको राजस्व प्रशासन सम्बन्धी विधेयक, २०८३"** स्वीकृतिको लागि नगरसभामा पेस गर्ने ।

निर्णय नं. ६

- विधायन समिति र विधेयक समितिबाट दफावार छलफल भई आएको **"बर्दघाट नगरपालिकाको सार्वजनिक जग्गा संरक्षण तथा उपयोग विधेयक, २०८३"** स्वीकृतिको लागि नगरसभामा पेस गर्ने ।

निर्णय नं. ७

- विधायन समिति र विधेयक समितिबाट दफावार छलफल भई आएको **"बर्दघाट नगरपालिकाको बाल अधिकार प्रवर्धन तथा वाल संरक्षण सम्बन्धी कार्यविधि, २०८३"** स्वीकृत गर्ने ।

निर्णय नं. ८

- बर्दघाट नगर कार्यपालिकाको कार्यालयबाट तयार गरी विधेयक समितिबाट दफावार छलफल भई पेस हुन आएको **मध्यमकालीन खर्च संरचना** (MTEF) (**आर्थिक वर्ष २०८३/०८४ देखि २०८५/०८६ सम्म**) स्वीकृतिका लागि नगरसभामा पेस गर्ने ।

निर्णय नं. ९

- बर्दघाट नगरपालिका वडा नं ६ स्थित बाउन घोलामा पुल निर्माण गर्न भनी परामर्शदाता कम्पनी श्री इगल्स सोलुसन प्रा.लि. काठमाण्डौले तयार गरी पेस गरेको DPR स्वीकृत गर्ने ।

निर्णय नं. १०

- भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. १३४ मिति २०८३/०३/०२ गतेको स्थानीय तहको नेपाली र अङ्ग्रेजी नाम तथा हिज्जेको एकरुपताका लागि विवरण पठाउनु हुन भनी परिपत्र भई आएकोले देहाय बमोजिमको नेपाली र अङ्ग्रेजीमा अद्यावधिक गरी सम्बन्धित मन्त्रालयमा पठाउने ।

| नेपाली | अङ्ग्रेजी | कैफियत |
|---|---|---|
| बर्दघाट नगरपालिका | Bardaghat Municipality | |

निर्णय नं. ११

- राजश्व परामर्श समितिको सिफारिससमेतका आधारमा बर्दघाट नगरपालिका अन्तर्गत रहेका देहायका स्थानहरुमा आर्थिक वर्ष २०८३/०८४ को लागि निम्नानुसारको न्युनतम कवोल अङ्क कायम गरी विद्युतीय बोलपत्र मार्फत आय ठेक्का सञ्चालन गर्ने ।

| क.स. | विवरण | ठेगाना | न्यूनतम अङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | जिमिरेभार पोखरी | बर्दघाट- ७ | ५०,०००/- | आ.व २०८३/०८४ र आ.व ०८४/०८५ को २ वर्षको लागि |
| २. | बुद्धमंगल ताल पर्यटकीय क्षेत्र | बर्दघाट-१२ | १,००,०००/- | आ.व २०८३/०८४ को १ वर्षको लागि |
| ३. | कन्चनगढी पर्यटकीय क्षेत्र | बर्दघाट-५ | २,५०,०००/- | आ.व २०८३/०८४ को १ वर्षको लागि |
| ४. | खशी/बोका वजार | बर्दघाट-१४ | २,००,०००/- | आ.व २०८३/०८४ को १ वर्षको लागि |

निर्णय नं. १२

- बर्दघाट नगरपालिकाका सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, आर्थिक विकास समिति, वन वातावरण तथा विपद् व्यवस्थापन समिति र संस्थागत विकास सेवा प्रवाह र सुशासन समितिको प्रतिवेदन, २०८३ स्वीकृत गर्ने ।

निर्णय नं. १३

- यस नगरपालिकाको १८ औं नगरसभा सम्पन्न गर्न अहोरात्र खटिने स्थायी कर्मचारीहरु लाई कार्यसम्पादन सूचकका आधारमा प्रोत्साहन स्वरुप एक महिना सम्मको थप पारिश्रमिक उपलव्ध गराउने ।

निर्णय नं १४ विविध ।

क) निर्माण सामाग्रीको सहज उपलव्धतामा वाधा पुगी समयमानै निर्माणका कार्य सम्पन्न गर्न कठिनाइ भएकोले चालु आ.व मा ठेक्का प्रकृयामार्फत सञ्चालन भएका योजनाहरु निर्माण सामाग्री अभाव तथा चर्को मूल्य वृद्दिका कारण तोकिएको समयमा कार्य सम्पन्न नहुने देखिएकोले म्याद थपको लागि सम्बन्धित निर्माण व्यावसायीबाट निवेदन पेस भएकोमा कार्यालयको निर्देशनअनुसार बैंक ग्यारन्टी अद्यावधिक गरी पेश गरेका तपसिलमा उल्लेख भए बमोजिमका ठेक्काको म्याद देहायअनुसार थप गर्ने र विभिन्न उपभोक्ता समितिबाट समेत निवेदनहरु प्राप्त भएकोमा बढीमा मिति ०८३ आषाढ २० गते सम्म म्याद थप गर्ने ।

| क.स | ठेक्का नं | योजनाको नाम | कम्पनीको नाम | काम शुरु मिति | शुरु सम्झौता अनुसार सम्पन्न गर्नु पर्ने मिति | हाल म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | ६/०८२/०८३ | कन्चनगढी जाने अधुरो बाटो कालोपत्रे वडा न | जुनताराघिमिरे नम्सु - १-भी बर्दघाट.जे | ०८२/११/२५ | ०८३३/२/१ | ०८३/०३/२० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ५ र भगजोगनीबाट वडा न ८ भानुनगर हुदै सुर्यपुरा जाने बाटो निर्माण वडा न ११ | | | | |
| २ | २००८२/०८३/ | सडक बत्ती खरिद तथा जडान बर्दघाट २, ६, र १६ | श्री सप्तकोशी इन्जिनियरिङ्ग कन्स्ट्रक्सन कन्सल्टेन्सी एण्ड सप्लायर्स प्रा.लि . सप्तकोशी- ४ | ०८२/११/१० | ०८३/०१/३१ | ०८३/०३/२० |

**शिक्षातर्फ**

- शिक्षा क्षेत्रको ससर्त कार्यक्रम तर्फ (इन्स्योर परियोजना) आ.व. २०८१/०८२ मा छनोट भई चालु आ.व.मा प्रशिक्षणरत कार्यगत अभ्याससहितको तालिम सञ्चालन निरन्तरताअन्तर्गत कार्यगत अभ्याससहितको तालिम सञ्चालन कार्यक्रम Professional Cook तालिम (१९९६ घण्टे, तह-२) सञ्चालनका लागि Asian School of Tourism and Hotel Management Pvt.ltd र Professional Computer Hardware and Network Technician संस्थाले सम्झौताबमोजिम समय भित्र कार्यसम्पन्न हुन नसकिने भनी सम्झौताको म्याद थपको निवेदन पेस गरेकोले उक्त कार्यक्रमको मिति २०८३/०६/१५ सम्मका लागि म्याद थप गर्ने ।

ख) बर्दघाट नगरपालिकाका वालमैत्री कार्यक्रम सञ्चालन भएका वडा नं १, ६, ७ र १४ मा अनुगमन गर्दा वालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ वमोजिमका सूचक तथा मापदण्ड पुरा गरेको पाइएकोले वालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न जिल्ला समन्वय समिति नवलपरासी (ब.सु.प)लाई अनुगमन गरी अनुमति प्रदान गर्न अनुरोध गर्ने ।

ग) बर्दघाट नगरपालिका परिसरमा रहेको चमेनागृह सुम्निमा खाजा घर, बर्दघाट-४ नवलपरासी ले भाडामा लिइ सञ्चालन गर्दै आएकोमा २०८२ भाद्र २३ र २४ को जेन्जी आन्दोलनको प्रत्यक्ष प्रभाव परी तोडफोडहुँदा नीजि सम्पत्ती नोक्सानी भएकोले आर्थिक वर्ष २०८३/०८४ को एक वर्षको लागि म्याद थप गर्ने र चमेनागृह व्यवस्थापन गर्नको लागि उपलव्ध गराइएको सामाग्री हस्तान्तरण गर्ने । साथै चमेनागृहबाट लिइदै आएको दररेट समय अनुकुल नभएकोले समय सापेक्ष दररेट कायम गर्न लिइदै आएको दररेटमा रु. ५/- नघटने गरी १० प्रतिशत रकम वृद्धि गर्ने ।

घ) नेपाल पत्रकार महासंघ, नवलपरासी (ब.सु.प) का अध्यक्ष श्री केशव पराजुली विगत लामो समयदेखि अस्वस्थ भई औषधोपचारत रहनु भएकोले उहाँलाई उपचार सहायतको लागि मिति २०८३/०२/१२ को नगर प्रमुखस्तरीय निर्णयबाट उपलव्ध गराइएको रु २०,०००/- (रुपैया बीस हजार मात्र) रकम अनुमोदन गर्ने ।

ङ) २०८२ भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनको क्रममा बर्दघाट नगरपालिकामा भएको आगजनीमा परि नगर कार्यपालिकाको कार्यालयमा कार्यरत पशु स्वाथ्य प्राविधिक श्री रघुनाथ दाहालको नगरको पार्किङ्गस्थलमा रहेको नीजि सवारी साधन पल्सर मोटरसाइकल (स.९.प ३८३२) पूर्ण रुपमा जली नष्ट भएकोले निजलाई राहत स्वरुप रु १,००,०००/-(रुपैया एक लाख मात्र) रकम उपलव्ध गराउने ।